संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

## प्रेस विज्ञप्ति – २०६४ असार २१

---

### अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग बनाउन उच्चायुक्तको कार्यालय–नेपालको आह्वान

हिजो, असार २० गते, नेपाल सरकारद्वारा हालै स्थापित बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगबारे चिन्ता व्यक्त गरिएको पत्र बुझाउन उच्चायुक्तको कार्यालय–नेपालले शान्ति तथा पुनर्निर्माण मन्त्रीसँग भेट गऱ्यो।

जाँचबुझ आयोग गठन गर्ने सरकारको निर्णय जाँचबुझ आयोग ऐन, २०२६ मा आधारित छ। तर, २०६४ जेठ १८ गते सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप हुने गरी बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा नयाँ कानुन बनाउन सरकारलाई आदेश दिने अभूतपूर्व निर्णय गरेको थियो। त्यस्तो कानुन अवलम्बन गरेपछि जाँचबुझ आयोग गठन गर्न पनि त्यसले सरकारलाई आदेश दियो। आफ्नो निर्णयमा सर्वोच्च अदालतले जाँचबुझ आयोग ऐन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नरहेको कुरा स्पष्टसँग उल्लेख गऱ्यो।

उच्चायुक्तको कार्यालय–नेपाल सर्वोच्च अदालतको निर्णयलाई पूर्णरूपमा कार्यान्वयन गर्न तथा बेपत्ता पार्ने कार्यसम्बन्धी अनुसन्धान गर्न स्थापना गरिएको कुनै पनि जाँचबुझ आयोग अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप भएको सुनिश्चित गर्न सरकारलाई आह्वान गर्दछ। त्यस्ता मापदण्डहरू जाँचबुझ आयोगको संरचना (अनुसन्धान गर्नेहरूलगायत), कार्यविवरण तथा कार्यप्रक्रियामा प्रतिविम्बित हुनुपर्दछ, जसले गर्दा त्यो विश्वसनीय, दक्ष, निष्पक्ष र स्वतन्त्र होस् तथा त्यसले पीडित र आरोपित पीडक दुवैको अधिकारलाई सम्मान गरोस्। नेपाली मानवअधिकार समुदाय एवं बेपत्ता पारिएकाहरूका परिवारले आयोग स्थापनाको कानुनी आधारका सम्बन्धमा गम्भीर चिन्ता व्यक्त गरिसकेको एवं जाँचबुझ आयोगमा नियुक्त सदस्यहरूको स्वतन्त्रता, निष्पक्षता तथा दक्षतामाथि प्रश्न उठाइसकेको कुरालाई उच्चायुक्तको कार्यालय–नेपालले ध्यानमा लिन्छ।

For further information contact Tanuja Basnet at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 318) - Mobile: 98510 16931 or Email: tbasnet@ohchr.org